नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राष्ट्रिय तथ्याङ्क कार्यालय
(समन्वय तथा स्तरनिर्धारण शाखा)

फोन ४२४५९४६, ४२४५९४७, ४२४५९४८, ४२४५८४८, ४२४१८०१, ४२२८४०६
फ्याक्स: ९७७-१-२२७७२०
पो.ब.नं. ११०३१
रामशाहपथ
थापाथली, काठमाडौं

पत्र संख्या: ८०/८१
च.नं.:- 203

मिति : २०८०/०६/४

श्री नेपाल नगरपालिका संघ ।

**विषय : आवश्यक समन्वय तथा पत्राचार गरिदिने सम्वन्धमा ।**

प्रस्तुत विषयमा मिति २०८०/०४/१९ गते सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा वसेको राष्ट्रिय विकास समस्या समाधान समिति (MDAC) बैठकको निर्णय प्रतिलिपी यसै साथ सलग्न छ । सो को कार्यन्वयन को लागी सवै स्थानीय तहहरुलाई National Data Profile को user name and password उपलव्ध गराई तथ्याङ्क प्रविष्ट गर्नको लागी स्थानीय तहका सूचना प्रविधि अधिकृत तथा योजना अधिकृत हरुलाई आवश्यक तालिम समेत उपलव्ध गराईएको तर हाल सम्म अधिकाशं स्थानीय तह वाट तथ्याङ्क प्रविष्ट नभएकोले आ.व.०७९/०८० को तथ्याङ्क २०८० कार्तिक मशान्त सम्म प्रविष्ट गर्ने गरी आवश्यक समन्वय तथा पत्रचार गरीदिनुहुन अनुरोध छ ।

सुबास अधिकारी
( निर्देशक)

MuAN
Received
Ref.No.: ३०
Date: २०८०/६/५
Signature:

मिति २०८०/०४/१९ गतेका दिन यस प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र अन्तर्गतका निकायहरुको आ.व. २०७९/८० मा सञ्चालित कार्यक्रमहरुको वार्षिक प्रगति समिक्षा गरी राष्ट्रिय **विकास समस्या समाधान समितिको बैठकमा पठाउने गरी देहाय बमोजिम निर्णय गरियो।**

१. राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय तथ्याङ्क विवरण (National Data Portal) मा तथ्याङ्क प्रविष्ट प्रयोजनका लागि सबै संघीय निकाय, प्रदेश सरकार र स्थानीय तहलाई User Name and Password उपलब्ध गराई तथ्याङ्क प्रविष्ट गर्न निर्देशन गर्ने। यस सम्बन्धमा तथ्याङ्क कार्यालयले सम्बन्धित निकायहरु सँगको समन्वय र सहकार्यमा सम्बन्धित कर्मचारीलाई क्षमता विकासको कार्यक्रम सञ्चालन गर्ने।